# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको त्रैमासिक विवरण

कार्यालय :- आन्तरिक राजस्व कार्यालय, भैरहवा

**आर्थिक वर्ष :- २०८२/०८३ अविध:-वैशाख देखि आषाढ सम्म**

| सि.नं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | <u>पृष्ठभूमि</u><br>विश्वमा बढ्दो आर्थिक अन्तरनिर्भरता र पूँजी, प्रविधि र श्रमको बढ्दो प्रवाह अनुरुप मुलुकको कराधारको संरक्षण गर्नुपर्ने आवश्यकता महसुस गरी नेपालमा व्यवस्थित कर प्रणाली थालनी भएको छ । त्यस्तै स्वयंकर निर्धारणको सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीको प्रारम्भ भएको दुई दशकभन्दा बढी भईसकेको छ । आयकर प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले आयकर ऐन, २०५८ तथा अन्तःशुल्कलाई आधुनिक र व्यावहारिक बनाउने उद्देश्यले अन्तःशुल्क ऐन, २०५८ जारी भई कार्यान्वयनमा आएको २५ बर्ष भैसकेको छ । त्यस्तै एकल आधुनिक कर एवं अत्याधुनिक, लचिलो र पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तर्जुमा भई २०५४ साल मंसिर १ गते देखि मूल्य अभिवृद्धि कर लागू गरिएको हो ।<br>कर राजस्व उठाउने मुख्य जिम्मेवारी पाएको आन्तरिक राजस्व विभागले देशका विभिन्न ४६ स्थानमा रहेका आन्तरिक राजस्व कार्यालयहरू, मध्यम स्तरीय करदाता कार्यालय १, ठूला करदाता कार्यालय १ तथा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीयत तहमार्फत देशको कर प्रशासनको व्यवस्थापन एवं सञ्चालन गर्दै आएको छ ।रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिका वडा नं ५देखि १७ सम्म, देवदह नगरपालिका वडा नं. १ देखि ४ र वडा नं. ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका,शुद्धोधन गाँउपालिका वडा नं. ३ मात्र, गैडहवा गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारीमाई गाउँपालिका, मायादेवीगाउँपालिका, ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका, सम्मरीमाईगाउँपालिका, सियारी गाउँपालिका र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाकार्यक्षेत्र रहने गरी यस आन्तरिक राजस्व कार्यालय, भैरहवाले निरन्तर रुपमा करदाताहरूलाई सेवा प्रवाह एवं |

| | | |
|---|---|---|
| | | सहजिकरण गर्दै आएको छ । हाल यस आन्तरिक राजस्व कार्यालय, भैरहवाको कार्यालय सिद्धार्थनगर नगरपालिकाको वडा नं. ९ मा रहेको छ ।<br>आन्तरिक राजस्व कार्यालय, भैरहवाको प्रमुख कार्य नेपालमा आन्तरिक रुपमा परिचालन हुने प्रमुख करहरू आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको प्रशासन गर्नु हो । |
| २. | निकायको काम, कर्तव्य र अधिकार | यस आन्तरिक राजस्व कार्यालय, भैरहवाका काम, कर्तव्य र अधिकारहरू निम्न रहेका छन्:<br>✓ आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायतका करहरूको प्रयोजनका लागि एकल दर्ता प्रणालीको रुपमा स्थायी लेखा नम्बर जारी गरी कर प्रशासन सञ्चालन गर्नु,<br>✓ प्राकृतिक व्यक्तिको लागि P-PAN जारी गर्नु,<br>✓ नियमित बजार अनुगमन गर्नु, करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु, अन्तर्क्रिया, छलफलजस्ता कार्यक्रमहरू सञ्चालन गर्नु,<br>✓ मदिरा तथा सूर्तिजन्य पदार्थहरूको बिक्रिवितरण गर्नलाई इजाजत प्रदान गर्नु, बार्षिक रुपमा इजाजतपत्र नविकरण गर्नु,<br>✓ कर संकलन गर्नु, बक्यौता, बेरुजु दाखिला गर्न लगाउनु,<br>✓ आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायतका करहरू आकर्षित हुने कारोबारलाई करको दायरामा ल्याउनु,<br>✓ कर छली भएको विश्वसनिय आधार भएमा आन्तरिक राजस्व विभागले तोकेको मापदण्डको आधारमा पूर्ण कर परीक्षण तथा अनुसन्धान गरी कारवाही गर्नु, |
| ३. | करदाताको काम, कर्तव्य र अधिकार | अधिकारहरूः<br>✓ सम्मानपूर्वक व्यवहारको अधिकार,<br>✓ प्रचलित कानूनबमोजिम करसम्बन्धी भएका अभ्यासहरूको सूचना प्राप्त गर्ने अधिकार,<br>✓ करसम्बन्धी कुरामा सफाइको सवूद पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,<br>✓ प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार, |

| | | |
|---|---|---|
| | | ✓ करसम्बन्धी गोपनीय कुराहरू ऐनमा उल्लेख भएदेखि बाहेक अनतिक्रम्य हुने अधिकार,<br>✓ बढी दाखिला भएको कर फिर्ता पाउने वा समायोजन गर्ने अधिकार,<br>✓ पूर्वादेश माग्ने अधिकार,<br>✓ प्रशासकीय पुनरावलोकन वा पुनरावेदन सम्बन्धी अधिकार ।<br>कर्तव्यहरू:<br>✓ स्थायी लेखा नम्बर तथा दर्ता प्रमाण पत्र लिनुपर्ने,<br>✓ वस्तु वा सेवा बिक्री तथा आपूर्ती गर्दा बिल बिजक जारी गर्नुपर्ने,<br>✓ कारोबारको अभिलेख राख्नुपर्ने,<br>✓ अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने,<br>✓ समयमा नै कर विवरण दाखिला गर्नुपर्ने,<br>✓ समयमा नै कर दाखिला गर्नुपर्ने,<br>✓ कार्यालयले माग गरेको सूचना दिनुपर्ने,<br>✓ कार्यालयले सूचना दिएमा उपस्थित हुनुपर्ने,<br>✓ कार्यालयको काम कारवाहिमा बाधा बिरोध गर्न नहुने |
| ४. | **कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः** | यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ। हाल कार्यालयमा जम्मा ३१ जना कर्मचारीहरू कार्यरत छन्।<br>४.१ स्वीकृत कर्मचारी दरवन्दी संख्याः ३४ जना<br>४.२ स्थायी कार्यरत कर्मचारी दरवन्दी संख्याः २८ जना<br>४.३ करार सेवा कार्यरत कर्मचारीः ३ जना<br>४.४ जम्मा कार्यरत कर्मचारी संख्याः ३१ जना |
| ५. | **कार्यालयबाट प्रदान गरिने सेवाहरू:** | ५.१ उद्योगी, व्यवसायी एवं प्राकृतिक व्यक्तिलाई स्थायी लेखा नम्बर (PAN र P-PAN) दर्ता प्रमाण पत्र प्रदान गर्ने,<br>५.२ आय विवरण, मू.अ.कर विवरण, अन्त:शुल्क विवरण लिने, Verify गर्ने,<br>५.३ मदिरा तथा सूर्तिजन्य पदार्थहरूको बिक्रिवितरण गर्नलाई इजाजत प्रदान गर्ने, बार्षिक रुपमा इजाजतपत्र नविकरण गर्ने,<br>५.४ आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क दाखिला लिने/गर्न लगाउने, |

| | | |
|---|---|---|
| | | ५.५ नियमित बजार अनुगमन गर्ने,<br>५.६ कर संकलन गर्ने, बक्यौता, बेरुजु दाखिला गर्न लगाउने,<br>५.७ करदाताहरूको सचेतनाका लागि करदाता शिक्षा कार्याक्रमहरू सञ्चालन गर्ने,<br>५.८ कर छली भएको विश्वसनिय आधार भएमा आन्तरिक राजस्व विभागले तोकेको मापदण्डको आधारमा पूर्ण कर परीक्षण तथा अनुसन्धान गरी कारवाही गर्ने आदि। |
| ६. | **सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारीः** | **६.१ करदाता सेवा शाखाः**<br>✓ कार्यालयबाट प्रदान गरिने सेवाहरू दर्ता, कर समायोजन तथा करचुक्ता आदि प्रदान गर्ने,<br>✓ अन्तःशुल्क जन्य प्रतिष्ठानहरुको प्रत्यक्ष रेखदेख र नियन्त्रण कार्य<br>✓ अन्तःशुल्क राजस्व संकलन<br>✓ अन्तःशुल्क राजस्व चुहावट नियन्त्रण<br>✓ आर्थिक प्रशासन सम्बन्धी काम गर्ने ।<br>✓ मासिक प्रतिवेदन तयार गरी को.ले.नि.का र तालुक मन्त्रालय पठाउने ।<br>✓ कर्मचारीहरुको हाजिरी तथा कार्यालयको अभिलेख व्यवस्थापन गर्ने ।<br>– १ जना कर अधिकृत र अन्य सहायक कर्मचारीहरु।<br>**६.२ संकलनशाखा/कर फिर्ता शाखा**<br>✓ कर संकलन गर्ने,<br>✓ बेरुजु सम्परीक्षणका लागि लेखा उत्तरदायी अधिकृतकोमा पठाउने,<br>✓ कर बक्यौता असुलीको लागि संकलन भ्रमण गर्ने।<br>✓ कर फिर्ता गर्ने<br>– १ जना कर अधिकृत रअन्य सहायक कर्मचारीहरु ।<br>**६.३ कर परीक्षण/ अनुसन्धान शाखा**<br>✓ कर परीक्षण/अनुसन्धान गर्ने<br>✓ दर्ता खारेजीको परीक्षण गर्ने<br>✓ बजार अनुगमन गर्ने<br>✓ पुनःकर निर्धारण गर्ने<br>– ६ जना कर अधिकृत र अन्य सहायक कर्मचारीहरु । |

| | | |
|---|---|---|
| ७. | सेवा प्राप्त गर्न आवश्यक कागजात, लाग्ने दस्तुर, अवधि, सम्पर्क शाखा र गुनासो सुन्ने अधिकारी/सार्वजनिक सेवा बडापत्रः | सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत जिम्मेवार अधिकृत तोकिए नागरिक वडापत्रमा उल्लेख गरिएको छ । |
| ८. | निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः | कर अधिकृतः- एरीना दाहाल<br>सम्पर्क नम्वर ९८५७०१२७३८ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारीः | कार्यालय प्रमुख - श्री प्रेमराज पोखेल ।<br>सम्पर्क नम्वर ९८५७०१७८५७। |
| १०. | सम्पादन गरेको कामको विवरण (२०८३वैशाख- आषाढ): | (तल हेर्नुहोस्) |

१०.१ राजस्वको प्रकार बमोजिमको संकलन प्रगतिः

| क्र.सं. | राजस्वको प्रकार | संकलित राजस्व (रु.) | | | |
|---|---|---|---|---|---|
| | | बैशाख | जेठ | असार | जम्मा |
| १. | आयकर | १८३१५७ | १७९०६५ | ५३२३४१ | ८९४५६३ |
| २. | वहाल कर | ५७४३ | ४८८२ | १०३४२ | २०९६७ |
| ३. | व्याज कर | ८९६२ | ५०९ | ४५८४ | १४०५५ |
| ४. | मूल्य अभिवृद्धि कर | २३९९३९ | १९९४८२ | २९८१०२ | ७३७५२३ |
| ५. | अन्तःशुल्क | १४०९८८० | १५१३३२८ | ११७०२४५ | ४०९३४५३ |
| ६. | स्वास्थ्य सेवा कर | ४५२४ | २७४२ | ३३५९ | १०६२५ |
| ७. | अन्य कर | २६०९ | ३१६९ | १८६७ | ७६४५ |
| | जम्माः | १८५४५१४ | १९०३१७६ | २०२०८३१ | ५७७८५२१ |

१०.२ राजस्वको लक्ष्य अनुसारको त्रैमासिक उपलब्धि

| क्र.सं. | महिना | लक्ष्य (रु.) | संकलन (रु.) | उपलव्धी |
|---|---|---|---|---|
| १. | वैशाख | १८९८०३१ | १८५४८१४ | ९७.७२ |
| २. | जेठ | १८२०६९२ | १९०३१७६ | १०४.५३ |
| ३. | आषाढ | २०९३१८४ | २०२०८३१ | ९६.५४ |
| | जम्माः | ५८११९०७ | ५७७८८२१ | ९९.४३ |

१०.३ दर्ता/ नविकरण

| कार्यहरु | संख्या |
|---|---|
| PAN जारी संख्याः | ६०९ |
| P-PAN जारी संख्याः | २९४६ |
| VAT रजिष्ट्रेसन संख्याः | १२१ |
| अन्तःशुल्क दर्ता/नविकरण संख्याः | ४० |
| W-PAN जारी संख्याः | २३ |
| बजार अनुगमनः | १४४ |

१०.४ अनुसन्धान परीक्षण सम्बन्धी विवरण

| कर परीक्षण प्रकार | संख्या | निर्धारण भएको रकम | | | जम्मा |
|---|---|---|---|---|---|
| | | आयकर | मु.अ.कर | अन्य | |
| पूर्ण कर परीक्षण | ११ | ८००८१३७ | १६८८७२०२ | ० | २४८९५३३९ |
| अग्रिम कर कट्टी परीक्षण | ३१ | १९५९३८३८ | ० | ० | १९५९३८३८ |
| विस्तृत अनुसन्धान | १० | ६५७६९७ | २९१४१०६ | ० | ३५७१८०३ |
| पुनःकर निर्धारण | १ | ६७५०६३ | ० | ० | ६७५०६३ |
| जम्मा | ५३ | २८९३४७३५ | १९८०१३०८ | ० | ४८७३६०४३ |

**११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.:**

| क्र.सं. | जिम्मेवारी | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | श्री प्रेमराज पोखेल | प्रमुख कर अधिकृत | ९८५७०१७८५७ |
| २. | सूचना अधिकारी | श्री नरेश पन्थी | कर अधिकृत | ९८५७०५२०६८ |

**१२. वेवसाइट र पेजः**

कार्यालयबाट सम्पादित हुने कामहरू र महत्वपूर्ण सूचनाहरू आन्तरिक राजस्व विभागको वेवसाइट www.ird.gov.np बाट गर्न/प्राप्त गर्न सकिन्छ । करदाताहरूको Facebook को बढ्दो प्रयोगलाई ध्यानमा राखेर यस कार्यालयले *आन्तरिक राजस्व कार्यालय, भैरहवा* (https://www.facebook.com/irobhairahawa) नामक फेसबुक पेज सञ्चालनमा रहेको छ ।

| | | |
|---|---|---|
| १३. | ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूचीः | • आयकर ऐन (संशोधन सहित), २०५८<br>• आयकर नियमावली (संशोधन सहित), २०५९<br>• मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२<br>• मूल्य अभिवृद्धि कर नियमावली (संशोधन सहित), २०५३<br>• अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली (संशोधन सहित), २०५९<br>• मदिरा ऐन, २०३१ र मदिरा नियमावली (संशोधन सहित), २०३३<br>• आयकर निर्देशिका (संशोधन सहित), २०६६<br>• मूल्य अभिवृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९<br>• अन्तःशुल्क निर्देशिका (संशोधन सहित), २०६८<br>• विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ (संशोधन सहित)<br>• पुँजीगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७२<br>• हस्तान्तरण मुल्य सम्बन्धी निर्देशिका, २०८१<br>• बिलासिता शुल्क सम्बन्धी कार्यविधि, २०८१ |
| १४. | कर प्रशासनको अनुरोधः | ✓ स्थायी लेखा नम्बर (PAN) लिएर मात्रै व्यावसायिक कारोबार गरौं।<br>✓ विद्युतीय माध्यमबाट विवरण फाइलिङ्ग गरौं ।<br>✓ करको भुक्तानी म्यादभित्रै गरौं ।<br>✓ कर छलीका सूचना छन् भने जानकारी गराउँ ।<br>✓ करसँग डर होइन, भर गरौं ।<br>✓ कर तिरौं, आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं ।<br>✓ कर तिर्नु कर्तव्य र गौरव दुवै हो ।<br>✓ बहाल आयमा १०% कर तिरौं ।<br>✓ मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको कारोबार गर्नेले बार्षिक ५० लाख, वस्तु तथा सेवाको मिश्रित कारोबार र सेवाको कारोबार गर्नेले बार्षिक ३० लाख भन्दा बढीको कारोबार गर्ने भएमा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई कारोबार गरौं ।<br>✓ वस्तु वा सेवा खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने दिने बानी बसालौं।<br>✓ कारोबार स्थलमा सबैले देख्ने गरी कर दर्ता प्रमाण पत्र र करपाटी राखौं । |

✓ इजाजत पत्र लिएर मात्र अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गरौं।

✓ मदीरा र सूर्तिजन्य वस्तुको कारोबार स्थलबाट अन्य वस्तुको कारोबार नगरौं।

✓ १८ बर्ष नपुगेका बालबालिकाहरूलाई मदीरा तथा चुरोटको बेचबिखन नगरौं।

✓ मदीराको बेचबिखन बिहान १० बजेदेखि बेलुका १० बजेसम्म मात्र गरौं।

✓ प्रत्येक बोतल तथा बट्टामा अन्तःशुल्क स्टिकर लागेको मदीरा तथा चुरोट मात्र उपभोग गरौं ।

✓ कर तिरौं, स्वाधीन अर्थतन्त्र निर्माण गर्न सहयोग गरौं ।

५. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

खर्चको फाँटवारी

क) चालु खर्च

| सि.नं. | खर्च/वित्तीय संकेत नम्बर/नाम | अन्तिम बजेट | खर्च |
|---|---|---|---|
| १ | २११११ पारिश्रमिक कर्मचारी | २१,५५७,०००.०० | ४,३६०,१०१.८० |
| २ | २११२१ पोशाक | ३२०,०००.०० | ०.०० |
| ३ | २११३२ महंगी भत्ता | १,९८२,०००.०० | ४२०,०००.०० |
| ४ | २११३४ कर्मचारीको बैठक भत्ता | १०८,०००.०० | ०.०० |
| ५ | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३०,०००.०० | ०.०० |
| ६ | २११३९ अन्यभत्ता | ४०,०००.०० | ५,०००.०० |
| ७ | २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २५२,०००.०० | ४४,९४१.५६ |
| ८ | २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १५४,०००.०० | ३४,८००.०० |
| ९ | २२१११ पानी तथा बिजुली | २,२६६,०००.०० | १९४,१७०.०० |
| १० | २२११२ संचार महसुल | ५१६,०००.०० | २०७,५१३.०० |
| ११ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,५१६,०००.०० | ६४२,१७४.०० |
| १२ | २२२१३ सवारी साधन मर्मत खर्च | ५५६,०००.०० | २५०,४७०.०० |
| १३ | २२२१४ वीमा तथा नवीकरण खर्च | १७०,०००.०० | ५,०९५.०० |
| १४ | २२२२१ मेशिनरी तथा औजार मर्मतसम्भार तथा सञ्चालन खर्च | ९००,०००.०० | २८२,१७१.०० |
| १५ | २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १२०,०००.०० | १०५,४६५.०० |
| १६ | २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १५०,०००.०० | ०.०० |
| १७ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १,७१७,०००.०० | ७६०,१८०.०० |
| १८ | २२३१४ इन्धन - अन्य प्रयोजन | २००,०००.०० | २८,२००.०० |
| १९ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५००,०००.०० | २२४,५२८.०० |

| | | | |
|---|---|---|---|
| २० | २२४११ सेवा र परामर्श खर्च | २२८,०००.०० | ०.०० |
| २१ | २२४१३ करार सेवा शुल्क | १,२००,०००.०० | २४२,१०९.०० |
| २२ | २२४१९ अन्य सेवा शुल्क | १,९१२,०००.०० | २३१,०४८.०० |
| २३ | २२५२२ कार्यक्रम खर्च | ८००,०००.०० | १०४,१९०.०० |
| २४ | २२६११ अनुगमन, मूल्यांकन खर्च | ३९४,०००.०० | १३६,३४९.०० |
| २५ | २२६१२ भ्रमण खर्च | २२५,०००.०० | ८५,८५०.०० |
| २६ | २२७११ विविध खर्च | १,०४०,०००.०० | ४७३,२४०.०० |
| | **जम्मा** | ३८,८५३,०००.०० | ८,८३७,५९५.३६ |

**ख) पुँजीगत खर्च**

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | खर्च |
|---|---|---|
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १९,८००,०००.०० | ५,१४९,३४५.०० |
| ३११२२ मेशिनरी तथा औजार | २,९६०,०००.०० | १९८,३००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २,३६८,०००.०० | ४१५,००७.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,१००,०००.०० | २,१९७,६४८.०० |
| **जम्मा** | ३०,२२८,०००.०० | ७,९६०,३००.०० |

**मौज्दातको विवरण**

| | |
|---|---|
| बैंकको नामः | कृषि विकास बैंक (को.ले.नि.का. TSA खाता) |
| जम्मा निकासा रु.: | १६७९७८९५.०० |
| जम्मा खर्च रु.: | १६७९७८९५.०० |
| पेश्की रु.: | ० |
| पेश्की कटाई बाँकी खर्च रु.: | १६७९७८९५.०० |

| | | |
|---|---|---|
| १६. | कार्यालयले बर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरणः | सार्वजनिक महत्वका सबै सूचनाहरू एवं सम्बन्धित व्यक्तिका व्यक्तिगत विवरणका सूचनाहरू खुल्ला रहने । |
| १७. | कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषयः | निवेदन नै नपरेको । |
| १८. | कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको | आन्तरिक राजस्व विभागको अधिनस्थ रहेको आन्तरिक राजस्व कार्यालय, भैरहवा, आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालयहरूबाट समेत यस कार्यालयसम्बद्ध सूचनाहरू पाउन सकिन्छ । |

| | | |
|---|---|---|
| | विवरणः | |
| १९ | तोकिए बमोजिम अन्य कामहरुः | करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको । |
| २०. | सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरूः | १. संसारमा सूचनाको हकसम्बन्धी कानून जारी गर्ने पहिलो मुलुक स्वीडेन हो । सो मुलुकमा सन् १७६६ मा सूचनाको हकसम्बन्धी कानून जारी भएको हो । नेपालमा सन् २००७ (बि.सं. २०६४) मा सूचनाको हकसम्बन्धी कानून जारी भयो ।<br>२. सन् १९४८ मा जारी विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरिएको छ । तर, नेपालको संविधानमा नेपाली नागरिकलाई सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ ।<br>४. नेपालको सूचनाको हकसम्बन्धी कानून बमोजिम सूचना दिन अटेरी गर्ने पदाधिकारीलाई रु. पच्चीस हजारसम्म जरिवाना हुन्छ ।<br>५. 'इन्टरनेशनल राइट टू नो डे' बुल्गेरियाको राजधानी सोफियाबाट सन् २००२ को सेप्टेम्बर २८ बाट आरम्भ भएको हो । सन् २०१६ देखि यस दिवसको नाम 'इन्टरनेशनल डे फर यूनिभर्सल एक्सेस टू इन्फरमेशन' मा रुपान्तरित भएको छ।<br>६. नेपालमा सूचनाको हकसम्बन्धी कानून २०६४ श्रावण ५ मा व्यवस्थापिका संसदबाट प्रमाणीकरण भएकोमा २०६४ भाद्र ३ देखि लागु भएको हो । जसअनुसार प्रत्येक बर्ष भाद्र ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रुपमा मनाइन्छ।<br>७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्थाअनुसार २०६५ बैशाख २२ गते आयोगको स्थापना भएको हो।<br>८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायको परिभाषाभित्र पर्ने सरकारी कार्यालय, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानूनद्वारा स्थापित सार्वजनिक निकायहरूले आफ्नो निकायको ३/३ महिनाको विवरण सार्वजनिक गर्नुपर्छ । ती निकायहरूले सूचना अधिकारी तोक्नुपर्छ । साथै कम्तिमा २० बर्षसम्मका सूचनाहरू अद्यावधिक गरी राख्नुपर्दछ । |
| २१. | सम्पर्कः | कार्यालयको नामः आन्तरिक राजस्व कार्यालय, भैरहवा<br>ठेगानाः सिद्धार्थनगर न.पा.-९, रुपन्देही<br>फोन नं. ०७१-५७०७११<br>ई-मेलः iro24@ird.gov.np |